सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक




एउटै मञ्चमा १३ जोडीको सामूहिक रूपमा बिना दाइजोको विवाह ।पेज ४ मा

♦ वर्ष ७ ♦ अंक ७४ ♦ २०८० साल मंसीर १३ गते बुधवार ♦ 29 Nov 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# निराशा बढ्यो भनेर संघीय व्यवस्था माथि दोष थोपार्नु हुँदैन : नेता निधि

**खबर दर्पण समाचारदाता**

**मंसीर १२ गते, महेन्द्रनगर**



हिजोआज धेरैले भन्छन्, "संसार मा सबैभन्दा उन्नत भनिएको सङ्घीय व्यवस्थाले समेत परिणाम दिने गरी काम गर्न नसक्दा जताततै निराशा बढ्यो । त्यही निराशाले युवाशक्तिलाई देश छाडेर परदेश रोज्न बाध्य पार्‍यो र अस्थिरता बढाउँदैछ ।"

तर नेपालको संसदीय र ाजनीतिमा एक परिपक्व र अनुभवी नेता विमलेन्द्र निधि भने 'निराशा बढ्यो भनेर शिशु सङ्घीय व्यवस्था'माथि दोष थोपर्नु 'हतार ९अधैर्य० र हतास' मानसिकताको उपज भएको टिप्पणी गर्नुहुन्छ । पूर्वउपप्रधानमन्त्री निधिले भन्नुभयो, "यति चाँडै व्यवस्थाले काम गरेन, केही भएन र केही हुँदैन भनेर उद्वेलित गराउनु हिजोका निर्दलीय व्यवस्थाबाट भरपुर लाभ लिइरहेका तत्त्वहरूको छट्पटाहटमात्रै हो। यसबाट परिवर्तनकारी शक्तिहरू आत्तिनुपर्ने कुनै आधार देख्दिनँ ।"

उहाँले करिब दुई सय ५० वर्ष लामो जहानियाँ राजतन्त्र, ३० वर्ष निर्दलीय पञ्चायती व्यवस्था, विगतको हिंसात्मक द्वन्द्व र अस्थिरताका कारण जकडिएर रहेका तमाम समस्यालाई एकाध दशकमै समाधान गर्न सकिएन भनेर निराश हुनु वस्तुनिष्ठ हुँदैन भन्नुभयो ।

नेपाली कांग्रेसका पूर्वउपसभापति निधिले परिवर्तित समयको पदचाप पछ्याउँदै परिवर्तनकारी शक्तिहरूले र ाजनीतिक परिवर्तनलाई जनताको जीवनसँग जोड्न लाग्नुपर्ने भनाइ राख्नुभयो । र ाससँगको संवाद उहाँले भन्नुभयो, "कसैले देशमा केही भएन भन्यो भने त्यो सरासर झुट र बेइमानीमात्रै हो। सडक, स्वास्थ्य, शिक्षा, निजी क्षेत्रको जबरजस्ती उपस्थिति, सहरदेखि विकट उच्च पहाड र हिमाली क्षेत्रलाई समेत विकासको प्रवाहमा ल्याउन तमाम काम भएका छन् ।"

द्वन्द्व, अस्थिरता र प्रतिकूल अवस्थामा पनि यिनै राजनीतिक दल र नेतृत्वले जनताका आधारभूत आवश्यकतासँग जोडिएका विकास पूर्वाधारहरू बनाएका उदाहरण प्रस्तुत गर्दै पूर्वभौतिक, पूर्वाधार तथा यातायातमन्त्री निधिले भन्नुभयो, "सिङ्गो देशलाई काठमाडौँ, सहरबजार,

*बाँकी पृष्ठ २ मा*

# प्रदेश सरकार भ्रष्टाचारमा लिप्त हुँदा संघीयतामाथि प्रश्न उठेको सांसदहरुको आरोप

**खबर दर्पण समाचारदाता**

**मंसीर १२ गते, महेन्द्रनगर**

मधेश प्रदेशसभा बैठकमा सांसदहरुले प्रदेश सरकार भ्रष्टाचारमा लिप्त हुँदा संघीयतामाथि प्रश्न उठेको बताएका छन् ।

प्रदेशसभा बैठकको विशेष समयमा मंगलबार बोल्ने सांसदहरुले प्रदेश सरकारले कमिसनमुखी योजना अगाडि बढाउँदा भ्रष्टाचार मौलाएको



आरोप लगाउँदै भ्रष्टाचारकै कारण संघीयतामाथि प्रश्न उठन थालेको बताएका हुन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का प्रदेश सांसद जयनुल

*बाँकी पृष्ठ ३ मा*

# हत्या गरिएको अवस्थामा एक महिलाको शव फेला

**खबर दर्पण समाचारदाता**

**मंसीर १२ गते, महेन्द्रनगर**

धनुषामा हत्या गरिएको अवस्थामा एक महिलाको शव फेला परेको छ । जिल्लाको धनौजी गाउँपालिका- ४ भडरिया स्थित आँपको बगैँचामा परालले छोपिएको अवस्थामा महिलाको शव फेला परेको हो ।

शव हेर्दा हत्या गरेर लुकाउन




पराललले छोपिएको जस्तो मंगलबार विहान स्थानीयले शव देखिएको प्रहरीले जनाएको छ ।

*बाँकी पृष्ठ ३ मा*


## ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प



- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# निराशा बढ्यो भनेर संघीय व्यवस्था माथि दोष.................

पूर्वपश्चिम राजमार्गसँग जोडिएका निश्चित ठाउँ, एकाध विश्वविद्यालय र औद्योगिक क्रियाकलापले मात्रै हेर्नुहुँदैन ।" कल्पना गर्नुस् त "प्रजातन्त्र आउनुअघिको कर्णाली, मधेस, सुदूरपश्चिम । सम्झनुस् न दूर दराजको नागरिक जनजीवन, महिला, दलित, सीमान्तकृत वर्ग, समुदाय र भूगोल १", उहाँले उदाहरण दिँदै भन्नुभयो ।

पूर्वगृहमन्त्री निधिको हिजो र ाजनीतिक परिवर्तनका लागि एकजुट भएजस्तै आम नागरिक र राजनीतिक नेतृत्वले सबल, सक्षम र आत्मनिर्भर नेपाल बनाउन लाग्नुपर्नेमा जोड छ । विसं २०२५ मा नेपाली कांग्रेससँग आबद्ध अखिल भारतीय नेपाली छात्र तथा युवासङ्घको सदस्यबाट राजनीति क्षेत्रमा प्रवेश गर्नुभएका निधिले नेपाली कांग्रेस धनुषा सदस्य, र ारा बहुमुखी क्याम्पस जनकपुरको स्ववियु सचिव, नेपाल विद्यार्थी सङ्घको केन्द्रीय सदस्य र सभापति तथा विसं २०४६ को आन्दोलनमा जनकपुर क्षेत्र एक्सन कमिटी इन्चार्ज भएर काम गर्नुभयो ।

"हामीले राजनीतिक परिवर्तन र सामर्थ्यअनुसारको विकास गऱ्यौँ तर त्यो विकासलाई रोजगारीसँग जोड्न सकेनौँ । अब विकासलाई रोजगारीसँग जोड्ने बेला आयो । केही व्यावहारिक समस्या सुल्झाउँदै रोजगारी र उत्पादन सम्बन्ध जोड्नेभन्दा अर्को प्राथमिकता र विकल्प पनि त छैन हामीसँग । यहीबेला फेरि र ाजनीतिक परिवर्तनमै रुमल्याउने प्रयास गर्न सक्छन् केही तत्त्वले । त्यसमा सचेत बन्नु र ाजनीतिक दल र यो व्यवस्थाका पक्षपाती सचेत नागरिकको कर्तव्य हो", उहाँले भन्नुभयो ।

सांसद निधिले संसद्, सरकार र राजनीतिक दलहरूका सङ्गठनलाई परिणाममूलक काममा केन्द्रित गर्न सकेमा व्यवस्था र नागरिक आवश्यकतालाई सम्बोधन गर्न सकिने धारणासमेत राख्नुभयो । सांसद निधिले संसद् र सरकारको भूमिका राजनीतिक दलहरूकै भूमिकामा निर्भर हुने भएकाले यी दुवै अङ्गलाई प्रभावकारी बनाउन लाग्नु समयको आवश्यकता हो भन्नुभयो ।

"जनतालाई शासन र राज्यमा आफ्नो प्रतिनिधित्व र अपनत्वको आभास दिलाउने थलो संसद् नै हो । लोकतान्त्रिक व्यवस्थामा जनमुखी सरकारका लागि खबरदारी गर्ने प्रभावकारी माध्यम संसद् अर्थात् व्यवस्थापिकाभन्दा अर्को हुन सक्दैन । तर नयाँ संविधानअनुसार दुईपटक निर्वाचित संसद्मध्ये अघिल्लो संसद् पनि परिणाममुखी हुन सकेन । सरकार बनाउने, भत्काउने र संसद् विघटन गर्ने तहसम्म पुग्यो । अहिलेको संसद्को एक वर्षमा पनि सङ्घीयताको मूल विषयभन्दा गैर राजनीतिक विषयमा अल्झिनुपर्ने अवस्था बन्यो । यसले हामी सबै चिन्तित छौँ", उहाँले भन्नुभयो ।

उहाँसँग विसं २०५१ मा प्रतिनिधिसभा सदस्य, विसं २०६३ मा पुनः स्थापित प्रतिनिधिसभा सदस्य, विसं २०६४ र २०७० मा संविधानसभा सदस्य भई काम गरेको अनुभव छ । नेता निधि विसं २०५९ मा नेपाली कांग्रेस ९प्रजातान्त्रिक०को महामन्त्री तथा विसं २०७५ मा नेपाली कांग्रेसको उपसभापति हुनुभएको थियो ।

दलहरूले संविधान निर्माणपछि बनेका संसद्ले अहिलेसम्म सङ्घीयताको प्राथमिक र आधारभूत विषयका रूपमा रहेका सात प्रदेशलाई शासनाधिकार दिए पनि प्रहरी प्रशासन (कर्मचारी) सम्बन्धी अधिकार कार्यान्वयन गर्न सघाउने ऐन, कानुन बनाउन नसकेकामा उहाँको चित्त दुःखाई छ ।

'नगर प्रहरी हुने तर प्रदेश प्रहरी प्रशासन नहुने' अवस्था बदल्न नसकिएकाले सङ्घीयताको महत्त्वपूर्ण अङ्ग प्रदेश संरचना कामयाबी भएन भनेर आलोचना भइरहेको पनि नेता निधिको बुझाइ छ । उहाँ परिवर्तित अवस्थाअनुसारको राजनीतिक संस्कार र आचरण विकास गर्न नसक्दा संसदीय क्रियाकलापसमेत सुसंस्कृत नभएको र त्यसको नकारात्मक प्रभावबाट सरकार र संसद् दुवै ग्रस्त भएको बताउनुहुन्छ ।

सङ्घीय संसद्को एकवर्षे कार्यकालको अभ्यासले पनि जनतालाई फरक अनुभूति दिन नसकिएको नेता निधिको भनाइ छ । सांसद निधिका अनुसार संसद्भित्र बहुदल भएकाले आलोचना, टीकाटिप्पणी हुने गरे पनि सधैँ सरकार गठन, विघटनमै रुमल्लिँदा अरू प्राथमिक विषय ओझेलमा परेकाले अब भने दलहरू फरक ढङ्गले अगाडि बढ्नुपर्छ ।

प्रदेश र स्थानीय तहले एक कदम अगाडि बढेर आफ्नो अधिकारसँग जोडिएका कानुन, नीति-नियम बनाउँदा पनि सङ्घीय संसद्ले सोअनुसार अत्यावश्यक कानुन बनाउन नसक्नु आलोच्य विषय भएको जनाउँदै उहाँ प्रदेश र स्थानीय तहलाई कमजोर बनाएर सङ्घीयता बलियो हुन नसक्ने धारणा राख्नुहुन्छ ।

एकातिर सुशासन, विकास र अर्कोतिर राजनीतिक परिवर्तनले मात्र जनताको अवस्था बदल्न नसकेको भन्ने जिज्ञासामा "हो, हामीले परिणाममुखी काममा केन्द्रित हुनुपर्नेछ । यसको अर्थ लामो बलिदानी र सङ्घर्षबाट ल्याइएको पछिल्लो परिवर्तन र त्यसका मुख्य घटकहरूमाथिको विश्वसनीयता नै गुम्यो भन्न सकिँदैन । यो व्यवस्था कसैको लहड र लादिएर आएको होइन । तत्कालीन राजाले समेत यो व्यवस्थाको एक शब्दमा विरोध गर्न नसकेको कुरा बिर्सिनु हुँदैन । बहुदलीय व्यवस्थामा केही दल थपिए वा केही असन्तुष्टि बढ्यो भनेर व्यवस्था र हामी दलहरूको विश्वसनीयतामाथि प्रश्न उठाउने र यहीँ बहानामा लोकतन्त्रविरोधी क्रियाकलाप गर्न सकिन्छ भनेर कसैले नसोचे हुन्छ", सांसद निधिले यसरी आफ्नो मत राख्नुभयो ।

सूचना स्रोतमाथि नागरिक पहुँच, नागरिक स्वतन्त्रता, खुला र पारदर्शी समाजका कारण भ्रष्टाचार सम्बन्धी विषय र अरू शासकीय गतिविधि प्रकाशमा आएको दाबी गर्दै सांसद निधिले सुशासनका लागि कानुनसम्मत व्यवहार र नैतिक आचरण विकासका लागि भने सबैले इमान्दार प्रयत्न गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले परिवर्तित व्यवस्थालाई संस्थागत र प्रभावकारी तुल्याउन शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउने, राज्य पुनः संरचना अर्थात् सङ्घीयतासँग सम्बन्धित राजनीतिक, संवैधानिक विषयलाई सुल्झाउने र विकास तथा अर्थव्यवस्थालाई उत्पादन र रोजगारीसँग जोड्ने काम गर्नुपर्छ भन्नुभयो ।

एक प्रसङ्गमा निधि भन्नुहुन्छ, "निराशसँगै निवारणको उपाय हुन्छ र हुनुपर्छ । त्यो अध्ययनको विषय हुनसक्ला । युवापुस्तामा विकास हुँदै गएको मनस्थितिको कुरा गर्दा पोर्चुगलको आँप बगैँचामा १० हजार नेपालीले काम गरिरहेको सन्दर्भ सम्झिन्छु । के नेपालमा आँप बगैँचा हुन सक्दैनन् रु के नेपालमा भेडा चराउन सकिँदैन रु उद्यम गर्न सकिँदैन रु केही पनि गर्न नसकिने अवस्था हो रु त्यसो होइन ।"

सरकारले उपयुक्त वातावरण र युवाहरूले स्वदेशमै सिर्जनात्मक काम गर्नुपर्नेमा जोड दिँदै उहाँले मुलुक उत्पादन र रोजगारीको युगमा प्रवेश गर्ने बेलामा फेरि निराशाका विषय उठाएर अल्झिन नहुने सुझाव दिनुभयो । रासस


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। धनको नाश हुने योग छ ।

**वृष**-चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

**मिथुन**- सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ। अपूरा कार्य पूर्ण हुनेछन्।

**कर्कट** - मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**सिंह** - स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ । रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछरु।

**कन्या** - परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछ। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**तुला** -सरकारी काममा सफलता हुनेछ। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछ। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।

**वृश्चिक** -शत्रुले दुःख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछ। आयआम्दानीको स्रो बढ्नेछ। सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**धनु** - दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ ।

**मकर** -आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ। अनावश्यक खर्च बढ्नेछ।

**कुम्भ** -मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ।

**मीन** -काममा बाधा, खर्च वृद्धि हुनेछ। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। मनमा डर -चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# वैदेशिक रोजगारीको घट्दो ग्राफ, कुन महिनामा कतिले लिए श्रम स्वीकृति ?

पूजा माझी

**मंसीर १२ गते, काठमाण्डौं**

पछिल्लो समय रोजगारीका लागि विदेश जानेको संख्यामा कमी आएको छ। अघिल्लो वर्षको तुलनामा पनि यस वर्ष विदेशिनेको संख्या घटेको छ।

चालु आर्थिक वर्षको चौमासिक तथ्यांकअनुसार वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिनेको कुल संख्या २ लाख ६ हजार ३ सय १६ रहेको छ। वैदेशिक रोजगार विभागका अनुसार गत वर्ष सोही अवधिमा सो संख्या २ लाख ८० हजार ५ सय १८ रहेको थियो।

यसर्थ, गत वर्ष यस वर्षको तुलनामा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्या ७४ हजार १ सय ४२ ले बढी थियो। गत वर्ष साउनमा ६३ हजारले श्रम स्वीकृति लिएका थिए। त्यसै गरी, भदौमा ७५ हजार ४ सय, असोजमा ६२ हजार ७ सय र कार्तिकमा ७८ हजार ३ सय जनाले श्रम स्वीकृति लिएका थिए।

पछिल्लो समय युएई वैदेशिक रोजगारीमा पनि युएईं जाने नेपालीको संख्या उच्च छ। चालु आर्थिक वर्षको साउन, भदौ, असोज र कार्तिक महिनामा ३९ हजार ९ सय ७७ वटा श्रम स्वीकृति युएईका लागि मात्रै पारित भएको छ।




### कुन महिना श्रम स्वीकृति लिनेको संख्या कति ?

### साउन

वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्षको पहिलो महिना साउनमा ५५ हजार ५ सय ७५ जनाले श्रम स्वीकृति लिएका छन्। जसमध्ये ७ हजार ५ सय ६८ नयाँ श्रम स्वीकृति लिने रहेका छन्, पुनः श्रम स्वीकृति लिनेको संख्या १६ हजार ४ सय २३ रहेको छ भने जीटुजी मार्फत २ हजार ३ सय ६० जनाले श्रम स्वीकृति लिएका छन्।

त्यस्तै, भर्ती एजेन्सीबाट श्रम स्वीकृति लिनेको संख्या २९ हजार २ सय २४ रहेको छ। साउनमा सबैभन्दा बढी युएईका लागि श्रम स्वीकृति लिएका छन् जसको संख्या ११ हजार ८ सय ७८ रहेको छ।

### भदौ

चालु आर्थिक वर्षको भदौ महिनामा जम्मा ५० हजार ८ सय ८४ श्रम स्वीकृति पारित भएको छ। जसमा नयाँ श्रम स्वीकृति लिनेको संख्या ७ हजार ३ सय ५ रहेको छ भने पुन श्रम स्वीकृति लिनेको संख्या १५ हजार ५ सय ८१ रहेको छ।

त्यस्तै, रिक्वाइरिङ एजेन्सीबाट २७ हजार १ सय ७१ जनाले श्रम स्वीकृति लिएका छन् भने जीटुजी मार्फत ८ सय २७ जनाले श्रम स्वीकृति लिएका छन्। भदौ महिनामा पनि सबैभन्दा बढी श्रम स्वीकृति पारित युएईका लागि नै भएको छ। जसको संख्या ११ हजार ७ सय ९ रहेको छ।

### असोज

भदौ महिनामा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या ५६ हजार २ सय ३५ रहेको छ। जसमा नयाँ श्रम स्वीकृति लिने ७ हजार १ हजार ६५ रहेका छन् भने पुनः श्रम स्वीकृति लिनेको संख्या १७ हजार २ सय ९३ रहेको छ।

त्यस्तै, भर्ती एजेन्सीबाट ३१ हजार ३ सय ६८ जनाले श्रम स्वीकृति लिएका छन् भने जीटुजी मार्फत ४ सय ९ जनाले श्रम स्वीकृति लिएका छन्। असोज महिनामा युएईका लागि मानिसहरूले सबैभन्दा बढी श्रम स्वीकृति लिएका छन्। जसको संख्या १३ हजार ९ सय ५ रहेको छ।

### कार्तिक

चालु आर्थिक वर्षको चौथो महिनामा ४३ हजार ६ सय २२ वटा श्रम स्वीकृति पारित भएको छ। जसमा नयाँ श्रम स्वीकृति लिनेको संख्या ५ हजार ७ सय ५१ रहेको छ भने पुन श्रम स्वीकृति लिनेको संख्या १९ हजार ५ सय ४४ रहेको छ।

त्यस्तै, भर्ती एजेन्सीबाट १८ हजार १ सय २५ जनाले श्रम स्वीकृति लिएका छन् भने जीटुजी मार्फत २ सय २ जनाले श्रम स्वीकृति लिएका छन्। तथ्यांकगत रूपमा हेर्दा कार्तिकमा सबैभन्दा बढी श्रम स्वीकृति युएईका लागि लिइएको छ। जसको संख्या १२ हजार ४ सय ८५ रहेको छ।

वैदेशिक रोजगारीमा गएकाहरू पनि दशैं तिहार मनाउनका लागि स्वदेश फर्कने र नयाँ जानेहरू पनि प्रायः दशैं तिहार मनाएर मात्र जाने भएकाले अहिले वैदेशिक रोजगारीमा जानेहरूको संख्या घटेको वैदेशिक रोजगार विभागका निर्देशक कविराज उप्रेती बताउँछन्।

दशैं तिहारको कारणले वैदेशिक रोजगारीमा जानेको संख्या घटे पनि पुस, माघदेखि पुनः बढ्ने उनको अनुमान छ। 'दशैं तिहार मनाउन प्राय वैदेशिक रोजगारीमा गएकाहरू पनि फर्कने गर्छन् र नयाँ जानेहरू पनि चाडबाड मनाएर मात्र जाऊँ भन्ने हुन्छन् त्यसैले यो संख्यामा केही कमी आएको हो,' उनले भने 'तर यो संख्या धेरै घटेको भने होइन।'

## हत्या गरिएको ...............

देखेपछि प्रहरीलाई खबर गरेका थिए।

घटनाको अनुसन्धानका लागि प्रहरीले तालिमप्राप्त कुकुर सहितको टोली परिचालन गरेको छ।

शवको प्रकृति हेर्दा २/३ दिन अगाडि नै हत्या गरिएको जस्तो देखिएको घटनास्थलमा पुगेका प्रहरीले बताएका छन्।

## प्रदेश सरकार भ्रष्टाचारमा लिप्त हुँदा संघीयतामाथि ............

राइनले सहिदहरुको बलिदानीले आएको संघीयतामाथि भ्रष्टाचारले खतरा बढाएको बताए। 'संघीयतालाई भव्य स्वागत गर्ने नागरिकहरु नै विरोध गर्नुको कारण भ्रष्टाचार हो,' सांसद राइनले भने, 'संघीय व्यवस्था गलत होइन। व्यक्तिले गल्ती गर्दा व्यवस्थामाथि प्रश्न उठेको छ। कृषिको उर्वरभूमि मधेश बंजर हुनुको कारण भ्रष्टाचार नै हो। भ्रष्टाचार रोकिए संघीयतामाथि कुनै खतरा रहने छैन,' उनले भने।

सांसद युवराज भट्टराईले देशमा बगेको दूषित हावाविरुद्ध प्रदेशसभा एकमत रहेको उल्लेख गर्दै संघीयताविरुद्ध आवाज उठ्नुको कारण भ्रष्टाचार रहेको बताए। 'संघीय सरकार र काठमाडौंलाई मात्रै गाली गर्ने प्रदेश सरकारले ६ वर्षमा के-के गरे समीक्षा गर्नु आवश्यक छ,' उनले भने।

अर्का सांसद प्रमोद यादवले प्रदेश सरकारका मन्त्रीहरु नातावाद र कृपावादमा लागेर आफन्त र पार्टी कार्यकर्ता पोस्ने बजेट ल्याउँदा संघीयतामाथि प्रश्न उठेको टिप्पणी गरे।

सांसद अनरुद्ध सिंहले प्रदेश सरकारले सर्वसधारणलाई संघीयताको अनुभूति गराउन नसकेको बताए। 'प्रदेश सरकारले संघीयताको अनुभूति गराउन के काम गरेको छ,' सांसद सिंहले भने, 'प्रदेश सरकारले ६ वर्षमा ठोस योजना के ल्याए ? स्थानीय तहले गर्ने सडक ढलानकै काम प्रदेश सरकारले पनि गर्‍यो। प्रदेश सरकारले स्थानीय र संघीय सरकारभन्दा फरक काम र योजना अगाडि बढाउन नसक्दा संघीयतामाथि नागरिकको गुनासो बढेको छ।'

उनले मन्त्रीहरु र प्रदेश सांसदहरुले आत्मालोचना गर्‍मात्रै संघीयता बलियो हुने तर्क गरे।

सांसद राजेन्द्र चौधरीले संघीयताबारे नकारात्मक टिप्पणी भइरहँदा प्रदेश सांसदहरु मूकदर्शक बनेको आरोप लगाए।

'मधेशमा अन्य प्रदेशभन्दा ढिलो आर्थिक कारोबार गर्न खाता खुल्ने, कम बजेट खर्च हुने, काम नहुने र कमिसन तन्त्रको बढाबा दिने योजनामात्रै सरकारले ल्याउँदा संघीयताप्रति सर्वसाधारणमा वितृष्णा बढेको छ,' चौधरीले भने।

'खेतबाट धान घरमा आइपुग्दासम्म पनि सरकारले मूल्य निर्धारण गर्नु नसक्नु र किसानबाट धान सरकारी निकायले खरिद गर्न आनाकानी गर्नुले किसानलाई प्रदेशको अनुभूति नै हुन सकेन,' उनले भने।

सांसद हरिणरायण महतोले प्रदेश सरकारले आसेपासे र कार्यकर्तामात्रै पोस्न खोज्दा संघीयताको जननी मधेश प्रदेशमा नै संघीयताको विरोध हुन थालेको बताए।

सांसद रामसरोज यादवले संघीयताविरुद्ध आन्दोलन गर्नेविरुद्ध एकमत हुनु पर्ने समय आएको बताए। 'संघीयता आएपछि गाउँगाउँमा सडक, पुल, अस्पताल बनेको छ,' सांसद यादवले भने, 'गाउँको सडक पक्की भएको छ। स्वास्थ्य, शिक्षा र सडकमा सुधार भएको छ। सानो समयमा विकास संघीयताकै कारण सम्भव भएको हो। सुन्दर संघीय प्रणालीको विरोध भए मधेशबाट फेरि विद्रोह हुनेछ।'

सीमा सुरक्षा मधेशले गरेको उल्लेख गर्दै काठमाडौंमा बसेर संघीयता समाप्त गर्ने प्रयास भइरहेको उनले आरोप लगाए।


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्टीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी, आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था।

# एउटै मञ्चमा १३ जोडीको सामूहिक रूपमा बिना दाइजोको विवाह



**खबर दर्पण समाचारदाता**
**मंसीर १२ गते, बर्दिवास**

धनुषामा एउटै मञ्चमा १३ जोडीले सामूहिक रूपमा बिना दाइजोको विवाह गरेका छन् । मिथिला नगरपालिका २ स्थित सतलोक आश्रममा उनीहरूले दाइजोमुक्त विवाह गरेका छन् ।

शन्त रामपाल महराजले स्थापना गरेको आश्रममा ५१० औं तीन दिवसीय दिव्य धर्म यज्ञको अवसरमा एउटै मञ्चमा सोमबार १३ जोडीको अन्तर जातीय एवं आदर्श विवाह गर इइएको छ । उनीहरूको विवाह १७ मिनेटमै सम्पन्न भएको थियो ।

असुर निकन्द रमेणी मन्त्रको उच्चारण गरी १७ मिनेटमा १३ जोडीको सामूहिक विवाह गराइएको शन्त रामपालका अनुयायी इश्वरदत्त भट्टले बताए । 'विवाह हुने चार जोडी नेपाल र ९ जोडी भारतका छन् ।

यो विवाहलाई रमेणी विवाह पनि भनिन्छ । यो विवाह पूर्णतः आदर्श एवं दाइजो मुक्त हुन्छ,' भट्टले भने, 'जातीय वा अन्तर जातीयमा विवाह गर्नु पूर्व सबै जोडीका अभिभावकको अनुमति एवं उपस्थिति अनिवार्य हुनुपर्छ ।' आइतबारदेखि सुरु भएको तीन दिवसीय दिव्य धर्म यज्ञमा शन्त गरिबदास महाराजको अमर वाणी अखण्ड पाठ, रक्तदान शिविर, विशाल भण्डारा तथा दाइजोमुक्त विवाह कार्यक्रम भइरहेको भट्टले जनाएको छ ।

# बटेश्वर गाउँपालिका द्वारा एम्बुलेन्स सेवा सुरु

**खबर दर्पण समाचारदाता**
**मंसीर १२ गते, बर्दिवास**



बटेश्वर गाउँपालिकाले एम्बुलेन्स सेवा सुरु गरेको छ । करिब दुई महिना अघि खरिद गरेको एम्बुलेन्स कानुन बनाएर सोमबारदेखि सुरु गरेको हो । गाउँपालिका अध्यक्ष रामअशिष महतोले पूजाअर्चनासहित रिवन काटेर उद्घाटन गरेका हुन् । एम्बुलेन्स चालक बिर्जु महतोका अनुसार बटेश्वरबासीका लागि बटेश्वरदेखि जनकपुरसम्म १५ सय, बर्दिबाससम्म १२ सय,र मदैया मेडिकलसम्म एक हजार र पालिका भित्रै मात्र ५ सय भाडादर निर्धारण गरिएको छ । पालिका भित्रका नागरिकका लागि भने जिल्ला दररेट अनुसार एम्बुलेन्स सेवाको शुल्क लाग्ने जनाएको छ ।

# गर्भ यकिन गर्न निःशूल्क चेक जाँच



**खबर दर्पण समाचारदाता**
**मंसीर १२ गते, बर्दिवास**

मटिहानी नगरपालिकामा महिलाको गर्भ यकिन गर्न निःशूल्क चेक जाँच कार्यक्रम संचालन गरिएको छ।

नगरपालिकाले महिलाहरुको लागि उचभनलबलअथ तभकत किटको माध्यम द्वारा निःशूल्क जाँच गरि गर्भ रहे-नरहेको यकिन गर्ने कार्यक्रम संचालनमा ल्याएको छ।जिल्लामा पहिलो पटक नगरपालिकाले स्थानीय महिलाहरुलाई स्वास्थ्य चौकी तथा गाउँघर क्लिनिक मार्फत सो सेवा प्रारम्भ गरेको छ ।

यसै बीच एक कार्यक्रममा मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडलले स्वास्थ्य चौकीका प्रमुखहरुलाई सो कार्यक्रमको लागि एचबनलबलअथ तभकत पष्त हस्तान्तरण गर्नु भयो ।सो अवसर मा उहाँले महिलाको लागि रहेको यो कार्यक्रमले महिलालाई समयमै गर्भवती रहेको यकिन गराइ गर्भवती अवस्थामा गर्भवती महिलाले अपनाउनु पर्ने सावधानी वारे सजग बनाउने कुरा बताउनु भयो ।

प्रोटोकल अनुसार पहिलो पटक गर्भवती जाँच बृद्धिको लागि महिनावारी बन्द हुने वितिकै महिलाहरुलाई किटको माध्यम द्वारा निःशूल्क पिसाब जाँच गरि गर्भ रहे -नरहेको यकिन गर्नको लागि सो कार्यक्रम सुरु गरेको कुरा मटिहानी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख पवन कुमार मंडलले जानकारी दिनु भयो ।

उक्त कार्यक्रममा मटिहानी नगरपालिकाका नगर उपप्रमुख मंजु देवी साह,प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, सि. अ. हे. व.अधिकृत श्री नागेश्वर पाण्डेय,मटिहानी नगरपालिका अन्तर्गतका ४ वटै स्वास्थ्य चौकीका प्रमुखहरू,लगायतका सहभागिता रहेको थियो ।


*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं*

**जलेश्वर नगरपालिका कार्यालय, महोत्तरी**

**सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

**बर्दिवास नगरपालिका, महोत्तरी**

**जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं**

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

**नगराईन नगरपालिका, धनुषा**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा